# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

| खण्डः १ | संख्याः १ | २०८३।०१।२२ |
|---|---|---|


दुल्लू नगरपालिका,नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भागः२

## विद्यालय समायोजन, दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावनाः**

विद्यालय शिक्षा क्षेत्र योजना र नगरपालिकाको शिक्षा क्षेत्र योजनाको नीति एवम् कार्यक्रमबमोजिम दुल्लू नगरपालिका क्षेत्रभित्र प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्मको विद्यालय शिक्षालाई गुणस्तरीय र समयानुकूल बनाउन आधारभूत तथा माध्यमिक विद्यालयहरूलाई आवश्यकता अनुसार एक आपसमा समायोजन गर्न, सामुदायिक विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न र दरबन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाउनका साथै,

विद्यालयको व्यवस्थापकीय तथा शैक्षिक प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीको काम गर्नका लागि प्रधानाध्यापक व्यवस्थापन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) ले दिएको अधिकार प्रयोग गरी दुल्लू नगर कार्यपालिकाको मिति २०८३।०१।२० को बैठकको निर्णयानुसार यो कार्यविधि जारी गरिएको छ

परिच्छेद १

**प्रारम्भिक**

**१) संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

१) यस कार्यविधिको नाम **"विद्यालय समायोजन तथा दरबन्दी मिलान एवम् प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८३"** रहेको छ।

२) यो कार्यविधि दुल्लू नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको समायोजन, सामुदायिक अध्ययन केन्द्रको व्यवस्थापन, दरबन्दी मिलान एवम् प्रधानाध्यापक छनौट तथा व्यवस्थापन गर्ने सन्दर्भमा मात्र लागू हुनेछ ।

३) यो कार्यविधि स्थानीय राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

४) यो कार्यविधि दुल्लू नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालय र सामुदायिक अध्ययन केन्द्रको हकमा लागू हुनेछ।

**२) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क) **"ऐन"** भन्नाले दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ (संशोधनसहित) लाई सम्झनुपर्छ । उक्त शब्दले शिक्षा ऐन, २०२८ (संशोधनसहित) समेतलाई जनाउँदछ ।

ख) **"केन्द्र"** भन्नाले शिक्षा तथा मानवश्रोत विकास केन्द्र सम्झनुपर्छ ।

ग) **"दरबन्दी मिलान"** भन्नाले विद्यालयमा सञ्चालित कक्षा, तह, विद्यार्थी संख्या र विषयका आधारमा शिक्षकको अनुपात कायम गर्ने कार्यलाई बुझाउँछ ।

घ) **"नगरपालिका"** भन्नाले दुल्लू नगरपालिकालाई सम्झनुपर्छ ।

ङ) **"नियमावली"** भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) सम्झनुपर्छ ।

च) **"कार्यविधि"** भन्नाले **विद्यालय समायोजन तथा दरबन्दी मिलान एवम् प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८३** लाई सम्झनु पर्छ ।

छ) **"प्रधानाध्यापक"** भन्नाले विद्यालयको सम्पूर्ण शैक्षिक प्रशासनिक र व्यवस्थापकीय कार्यको जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीलाई सम्झनु पर्छ ।

ज) **"विद्यालय"** भन्नाले प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा बाह्र कक्षासम्म सञ्चालनमा रहेको विद्यालयलाई सम्झनु पर्छ ।

झ) **"विद्यालय समायोजन"** भन्नाले ऐनको दफा १५ र नियमावलीको नियम १२ (क) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) अनुसार दुई वा दुई भन्दा बढी विद्यालयहरू एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने वा विद्यालयको तह वा कक्षा घटाउने वा विद्यालय स्थानान्तरण गर्ने वा विद्यालय बन्द गर्ने समेतको कार्यलाई सम्झनु पर्छ।

ञ) **"विद्यालय शिक्षा क्षेत्र योजना"** भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा सन् २०२२/०२३ देखि सन् २०३१/०३२ सम्म राष्ट्रिय रुपमा कार्यान्वयन गर्ने गरी स्वीकृत भएको शैक्षिक योजना तथा कार्यक्रमलाई सम्झनुपर्छ।

ट) **"मन्त्रालय"** भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

ठ) **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले प्रचलित कानुन बमोजिम सामुदायिक विद्यालयमा गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनुपदर्छ ।

ड) **"शाखा"** भन्नाले दुल्लू नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

ढ) **"शाखा प्रमुख"** भन्नाले दुल्लू नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत प्रमुखलाई सम्झनुपर्छ ।

परिच्छेद २

## विद्यालय समायोजन र दरबन्दी मिलानसम्बन्धी व्यवस्था

**३) विद्यालय समायोजन तथा दरबन्दी मिलानः**

१) यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयमध्ये एक विद्यालय अर्को विद्यालयको नजिक दूरीमा रहेर सीमित जनसङ्ख्यालाई सेवा पुर्याएका तर आधारभूत विद्यालय (कक्षा १-३ वा १-५ वा १-८) का रूपमा सञ्चालन गर्नका लागि न्यूनतम् आधारहरू पनि पूरा हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालयसँग गाभी सञ्चालनमा ल्याईनेछ।

२) माध्यमिक तह (कक्षा ९-१० वा ९-१२) सञ्चालनमा रहेका विद्यालयहरूका लागि पनि यो व्यवस्था लागू हुनेछ ।

३) शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ र यस कार्यविधिको व्यबस्था कार्यान्वियन गर्ने सम्बन्धमा नगरपालिकाले निर्णय प्रकृयामा सरलीकृत गर्नेछ।

४) विद्यालय समायोजन तथा दरबन्दी मिलान एवम् प्रधानाध्यापक व्यवस्थापन गर्ने कार्यका लागि आवश्यक सहयोग जुटाउन नगरपालिकाले सम्बन्धित निकायहरूसंग समन्वय र सहकार्य गर्नेछ।

५) नगरपालिकाबाट विद्यालय समायोजन तथा दरबन्दी मिलान एवम् प्रधानाध्यापक व्यवस्थापनका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा उपलब्धिको समीक्षा गरी आगामी कार्यक्रमलाई मार्ग निर्देशन गर्नेछ ।

६) यो कार्यविधि प्रारम्भ हुँनुभन्दा अघि समायोजन भएका प्रारम्भिक बाल विकास कक्षा र विद्यालयहरुलाई यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

**४) समितिको गठनः**

१) यस कार्यविधि बमोजिम विद्यालय समायोजन तथा दरबन्दी मिलान एवम् प्रधानाध्यापक व्यवस्थापन गर्नका लागि नगर शिक्षा समितिलाई सिफारिस गर्न देहाय बमोजिमको विद्यालय समायोजन तथा दरबन्दी मिलान एवम् प्रधानाध्यापक छनौट तथा व्यवस्थापन समिति गठन गरिने छः

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) सामाजिक विकास समितिको संयोजक - सदस्य

ग) नगर प्रमुखबाट मनोनित एकजना सम्बन्धित क्षेत्रमा ज्ञान भएको कर्मचारी - सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना अधिकृस्तरको कर्मचारी - सदस्य

ङ) शैक्षणिक स्रोत व्यक्ति - सदस्य

च) समितिले मनोनित गरेको १ जना शिक्षक - सदस्य

छ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

२) उपदफा (१) बमोजिमको समितिमा आमन्त्रित सदस्यका रुपमा नगरपालिका क्षेत्र भित्र सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु मध्येबाट बढीमा ४ जना शिक्षकहरुलाई आमन्त्रण गर्न सकिनेछ।

३) उपदफा (१) बमोजिम गठित समितिबाट प्राप्त समष्टिगत सिफारिस, आवश्यकता र औचित्यता एवम् यस कार्यविधिमा उल्लेख गरिएका मापदण्डका आधारमा नगर शिक्षा समितिले विद्यालय समायोजन तथा दरबन्दी मिलान एवम् प्रधानाध्यापक छनौट व्यवस्थापनको अन्तिम निर्णय गर्नेछ ।

४) उपदफा (२) बमोजिम नगर शिक्षा समितिबाट स्वीकृत भएको निर्णयलाई नगरकार्यपालिकाबाट अनुमोदन गरिनेछ ।

५) उपदफा (३) बमोजिम प्रधानाध्यापक पदमा छनौट भएका शिक्षकलाई नियुक्ति दिने जिम्मेवारी शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको हुनेछ ।

६) नगरपालिकाले प्रधानाध्यापक व्यवस्थापन गरे पश्चात निजले पेश गरेको कार्य योजनाका आधारमा कार्य सम्पादन करार गरिनेछ ।

**५) विद्यालय समायोजनका आधारहरूः**

१) प्रचलित ऐन तथा नियमावलीको अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ ले दिएको अधिकार प्रयोग गरी देहायको आधारमा दफा ४ को उपदफा (१) वमोजिमको समितिले सिफारिस गरे अनुसार विद्यालय समायोजन गर्न सकिनेछः

क) दुई वा सोभन्दा बढी विद्यालयबीचको पैदल दूरी ३० मिनेटभन्दा कम रहेको,

ख) कुनै विद्यालयमा देहायको विद्यार्थी सङ्ख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नदेखिएमाः

| क्र. स. | कक्षा | न्यूनतम विद्यार्थी संख्या | न्यूनतम विद्यार्थी संख्या (शैक्षिक सत्र २०८३ देखि लागु हुने गरी) | कैफियत |
|---|---|---|---|---|
| १ | प्रारम्भिक वाल विकास कक्षा | १० | १० | |
| २ | १-३ | ३० | ३० | |
| ३ | १-५ | ४५ | ४५ | |
| ४ | ६-८ | ४५ | ४५ | |
| ५ | ९-१० | ४० | ४० | |

| | | | | |
|---|---|---|---|---|
| ६ | ११-१२ | २० | २० | |

ग) उपदफा (१) ख बमोजिम विद्यार्थी संख्या पुगेका कक्षा ११ र १२ भएका विद्यालयको हकमा एक विषय समुहमा कम्तिमा १० जना विद्यार्थी अनिवार्य हुनु पर्नेछ ।

घ) शुन्य दरबन्दी भई संघीय सरकारको अनुदानमा कक्षा १ देखि ५ सम्म सञ्चालन भएका विद्यालयमा न्यूनतम ४५ जना विद्यार्थी संख्या पुगेको हुनु पर्नेछ । यस्ता प्रकारका विद्यालयमा न्यूनतम विद्यार्थी संख्या नपुगी विद्यालयको आधारभूत तह (कक्षा १-५) समायोजन गर्नुपर्ने भएमा प्रारम्भिक वाल विकास केन्द्र सञ्चालनका लागि नगरपालिकाले अनुदान व्यवस्थापन वा वाल विकास शिक्षक व्यवस्थापन गर्नुपर्ने छ ।

ङ) नजिकको दूरीमा रहेका र आपसमा गाभिएर शैक्षिक व्यवस्थापन र गुणस्तर कायम गर्न चाहने दुई वा सोभन्दा बढी विद्यालयहरु ।

च) पहिलो पटक दरबन्दी मिलान तथा विद्यालय समायोजन गर्दा शैक्षिक सत्र २०८२ को IEMIS मा भएको विद्यार्थी संख्याका आधारमा गरिनेछ ।

छ) जनसङ्ख्या वृद्धि दर कम भएको, जनसङ्ख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसङ्ख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सोभन्दा बढी विद्यालयहरू ।

२) दफा ५ उपदफा (१) मा जुनसुकै व्यवस्था भएता पनि नजिकको दूरीमा अन्य विद्यालय नभएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय र दूरी आधा घण्टाभन्दा कम भएको तर न्यूनतम विद्यार्थी संख्या नपुगेमा विद्यालय गाभ्न बाध्य पारिने छैन ।

३) दफा ५ को उपदफा (१) मा जुनसुकै व्यवस्था भएता पनि धार्मिक, उद्यमशील, संस्था वा समुदायलाई हस्तान्तरण भई सञ्चालन भएका विद्यालयको हकमा यो कार्यवधि लागु हुनेछैन ।

४) विद्यालय गाभिएपछि कायम भएको विद्यालयको नाममा गाभिने विद्यालयहरूको सबै चल अचल सम्पत्ति दाखिल खारेज गरी नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्नका लागि नगर शिक्षा समिति र नगर कार्यपालिकाले निर्णय गरी मालपोत कार्यालयमा पठाउनुपर्नेछ ।

५) सम्पत्ति दाखिला खारेज भएको ब्यहोराको जानकारी नगरपालिकाले मन्त्रालय र केन्द्र समेतलाई दिनु पर्नेछ ।

६) यो कार्यविधि लागू हुनुभन्दा अघि विद्यालय समायोजन भएका साविकका विद्यालयमा सञ्चालित प्रारम्भिक बालशिक्षा कक्षा निर्धारित न्यूनतम मापदण्डमा सञ्चालन भएको नपाईएमा उक्त कक्षा नपुग भएका र नगरपालिकाले सञ्चालन गरेका विद्यालयमा समायोजन गरिने छ।

७) दुई वा दुईभन्दा बढी निजी, गुठी वा सहकारीमा सञ्चालित संस्थागत विद्यालयहरुले एक आपसमा विद्यालय समायोजनका लागि नगरपालिकाको सम्बन्धित शाखामा सयुक्त रुपमा निवेदन दिएमा भौगोलिक दूरी र विद्यार्थी संख्या हेरी विद्यालय समायोजन गर्न सकिनेछ ।

८) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि माध्यमिक तह कक्षा ११ र १२ मा यस कार्यविधि बमोजिम न्यूनतम विद्यार्थी संख्या अपुग भएमा सोहि बर्षका लागि विद्यार्थी भर्ना नगर्ने तथा पछिल्ला बर्षहरुमा विद्यार्थी भर्ना गर्दा कक्षा सञ्चालनमा बाधा पर्नेछैन ।

९) विद्यालयको नक्साङ्कन तथा सेवा क्षेत्र निर्धारण गर्न सकिनेछ ।

**६) दरबन्दी मिलानका आधारहरुः**

१) प्रारम्भिक बालशिक्षादेखि कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयमा न्यूनतम रुपमा प्रतिकक्षा एक जना शिक्षक रहने गरी र माथिल्लो कक्षाहरुमा विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

२) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलान गर्दा देहायका आधारहरु लिईनेछः

क) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभिएमा,

ख) शिक्षक विद्यार्थी अनुपात तपसिलको भन्दा कम भएमाः

| क्र.स. | कक्षा | न्यूनतम शिक्षक संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रारम्भिक वाल विकास कक्षा | १ | |
| २ | १-३ | २ | |
| ३ | १-५ | ३ | |
| ४ | १-८ | ७ | |
| ५ | १-१० | १० | |
| ६ | १-१२ | १२ | |

ग) यस कार्यविधिमा उल्लेखित न्यूनतम शिक्षक दरबन्दी संख्याभन्दा बढी भएका विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहायबमोजिम भएमा तहगत वा विषयगत रुपमा कनिष्टताका (नियुक्ति) आधारमा नजिकको सोही वडाको विद्यालय वा नजिकको अर्को वडाको विद्यालयमा दरबन्दीसहित शिक्षकलाई व्यवस्थापन गरिनेछ ।

| कक्षा | न्यूनतम विद्यार्थी शिक्षक अनुपात संख्या | कैफियत |
|---|---|---|
| प्रारम्भिक वाल विकास कक्षा | १:१० | |
| आधारभूत तथा माध्यमिक तह | १:२८ | |

घ) कुनै पनि प्रकारको दरबन्दी नभएका तर न्यूनतम शिक्षक संख्या भई सञ्चालनमा आईरहेका विद्यालयहरुमा दरबन्दी मिलानका क्रममा शिक्षक व्यवस्थापनमा प्राथमिकतामा राखिनेछ ।

ङ) प्रारम्भिक वाल विकास केन्द्र नभएका विद्यालयमा प्रारम्भिक वाल विकास केन्द्रको कक्षा सञ्चालनको पहिलो प्राथमिकता राखिनेछ ।

च) दरबन्दी मिलानका क्रमशः माध्यमिक तह, आधारभूत तह (कक्षा ६-८) तथा आधारभूत तह (कक्षा १-५) बाट प्राथमिकता दिनुपर्नेछ ।

छ) दरबन्दी मिलान गर्दा नगरपालिका भित्रका विद्यालयमा शिक्षकहरुलाई घरपाएक पर्ने गरी व्यवस्थापन गर्न सकिनेछ । यसरी शिक्षकहरुको दरबन्दी मिलान गर्दा विषय र तह (प्राथमिक तह बाहेक) मिल्ने गरी स्थायी, राहत अनुदान, शिक्षण सिकाई अनुदान एक आपसमा साटफेर गरी कामकाजमा पठाउन सकिनेछ ।

ज) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयमा यस कार्यविधि बमोजिम कार्यरत तहमा तोकिएको भन्दा माथिल्लो तहको योग्यता भएको शिक्षकलाई माथिल्लो कक्षा सञ्चालन भएको नजिकको विद्यालयमा विषयगत रुपमा शिक्षक व्यवस्थापन हुने गरी दरबन्दी मिलान गर्ने कार्यलाई प्राथिमकतामा राखिनेछ । यसरी पठाउदा शिक्षकलाई तोकिएको पाठ्यभार भन्दा बढि र अध्यापन गर्ने विषय थप भएमा थप सुविधा उपलब्ध गराउन सकिनेछ ।

झ) विद्यार्थी संख्या कम भएका र माथिल्लो शैक्षिक योग्यता प्राप्त गरेका बाल विकास शिक्षकलाई आधारभूत तहका माथिल्ला कक्षाहरुमा अध्यापन गर्न सक्ने गरी थप सुविधा उपलब्ध गराई व्यवस्थापन गर्न सकिनेछ ।

ञ) सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुलाई नजिकैको पायक पर्ने विद्यालयमा न्यूनतम शैक्षिक योग्यता पुगेका र आवश्यकता अनुसार सिकाइ सहजीकरण गर्न तथा विद्यालयको आवश्यकता अनुसार प्रशासनिक काममा लगाउनका लागि परिचालन गर्न सकिनेछ । यसरी पठाउदा निजहरुलाई थप सुविधा उपलब्ध गराउनुका साथै सम्बन्धित विद्यालयको व्यवस्थापन समिति नै सामुदायिक सिकाई केन्द्रको सञ्चालक समिति रहने व्यवस्था गरिनेछ ।

ट) साविकको उच्च माध्यमिक तहमा नियुक्त भई कार्यरत शिक्षकहरुलाई विद्यार्थी संख्या र अध्यापन गर्ने विषयको भारको आधारमा माध्यमिक तह र आधारभूत तहको सम्बन्धित विषय अध्यापन गर्न लगाइनेछ ।

ठ) एकै विद्यालयमा कम्तिमा तीन बर्ष सेवा अवधि पुगेका शिक्षक, वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई आवश्यकताका आधारमा नगर क्षेत्रभित्रको अन्य विद्यालयमा सरुवा तथा व्यवस्थापन गर्न सकिनेछ ।

**७) विद्यालयको कक्षा तथा तह सञ्चालनका लागि हुने समायोजनः**

१) आधारभूत र माध्यमिक विद्यालयका रुपमा हाल सञ्चालनमा रहेका तर कक्षा तथा तहवृद्धि गर्न आवश्यक नदेखिएका र समायोजनका लागि आधार पूरा नभएका विद्यालयका लागि निम्नलिखित विकल्प छनोट गर्न दिई समायोजन गरिनेछः

२) कक्षा १-३ सम्म सञ्चालन भएका न्यूनतम् आधार पूरा नभएका विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम प्रारम्भिक बालविकास केन्द्रको रुपमा सञ्चालन हुने विकल्प छान्न पाउनेछन् ।

३) कक्षा १-५ सम्म सञ्चालन भएका न्यूनतम् आधार पूरा नभएका विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम कक्षा १-३ सम्मको विद्यालयका रुपमा सञ्चालनमा रहन पाउनेछन् ।

४) कक्षा १-८ सम्म सञ्चालन भएका न्यूनतम् आधार पूरा नभएका विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम कक्षा १-५ सम्मको विद्यालयका रुपमा सञ्चालनमा रहन पाउनेछन् ।

५) कक्षा १-१० सम्म सञ्चालन भएका न्यूनतम् आधार पूरा नभएका विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम आधारभूत तह (कक्षा १-८) सम्मको विद्यालयका रुपमा सञ्चालनमा रहन पाउनेछन् ।

६) कक्षा ११ र १२ सम्म अनुमति वा स्वीकृति लिई न्यून विद्यार्थी भई आधारभूत भौतिक सुविधा समेत नभएका विद्यालयहरू कक्षा १० सम्म माध्यमिक विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन् ।

**८) समायोजन हुने वा गाभिएका विद्यालयको नामाकरणः**

१) दुई वा दुई भन्दा बढी विद्यालयहरू आपसमा गाभिएर नयाँ ठाउँमा विद्यालय स्थापना हुने भएमा गाभिएको विद्यालयको नाम राष्ट्रियता, स्थानीयता र ऐतिहासिकता झल्किने खालको राख्न सकिनेछ। तर नियमावलीको नियम १५४ को विद्यालयको नामाकरण सम्बन्धी ब्यवस्थाअनुसार कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राखिएको रहेछ भने ब्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राख्नुपर्नेछ ।

२) समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले सम्बन्धित वडा र नगर शिक्षा समितिको सिफारिसमा गाभिएको विद्यालय भवनमा प्रारम्भिक वालविकास कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र वा वाचनालय वा अन्य सरकारी प्रयोजना वा कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

३) समायोजन भै सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा भविष्यमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएमा नियमानुसारको प्रक्रिया पूरा गराई अनुमति दिन सकिनेछ ।

परिच्छेद ३

**भौतिक, शैक्षिक व्यवस्थापन र प्रोत्साहान एवम् अनुदान सम्बन्धी व्यवस्था**

**९) विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यबस्थापनः**

१) विद्यालय समायोजन वा गभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, विद्युतिय सामाग्रीहरु, पाठ्यसामग्रीलगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ।

२) विद्यालय समायोजन वा गभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र मालसामानको विवरण तयार गरी त्यस्ता मालसामानको सालाखाला न्यूनतम् मूल्य कायम गरी आवश्यक कारबाहीका लागि सम्बन्धित वडामा पेश गर्नु पर्नेछ र वडा शिक्षा समितिले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नु पर्नेछ ।

३) विद्यालय समायोजन वा गभिएपछि गाभिएको विद्यालयको आयआर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन र व्यावसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले योजना सहित सम्बन्धित वडा कार्यालयमा प्रस्ताव पेश गर्नुपर्नेछ । सो प्रस्तावउपर अध्ययन गरी वडा कार्यालयले उक्त कार्यक्रमहरु सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

४) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति वडा शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिको निर्णय बमोजिम व्यवस्थापन गरिनेछ ।

**१०) प्राथमिकता दिइनेः**

१) दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा सामयोजन भई गाभिएमा त्यसरी गाभिएका विद्यालयको भौतिक एवम् शैक्षिक सुविधाको व्यवस्थापनको लागि संघ, प्रदेश र नगरपालिकाबाट प्राप्त हुने बजेट र कार्यक्रममा प्राथमिकता दिइने छ ।

२) विद्यालय समायोजन वा गभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि संघ, प्रदेश वा नगरपालिकामा भौतिक सुविधा विस्तारको शीर्षकमा आउने अनुदान पहिलो प्राथमिकता क्रममा उपलब्ध गराईनेछ ।

**११) विद्यालय समायोजन पछि गर्नुपर्ने शैक्षिक व्यवस्थापनः**

१) विद्यालय समायोजनपछि वा तह वा कक्षा घटाइएपछि विद्यालयमा आवश्यक्ताभन्दा बढी भएका शिक्षकलाई नगर शिक्षा समितिको पुल दरवन्दीमा राखी अर्को व्यवस्था नभए सम्मको लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा कामकाज गर्न लगाउन सकिने छ ।

२) गाभिएको विद्यालयमा आवश्यकताभन्दा बढी शिक्षक सङ्ख्या रहन गएमा नजिकैको पायक पर्ने विद्यालयहरूमा आवश्यकता र यस कार्यविधिले तोकेको आधारमा दरबन्दी मिलान गरी पदस्थापना गरिनेछ ।

३) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि वा पछि विद्यालय समायोजन गर्दा बन्द भएका स्वीकृत प्राप्त विद्यालयको तहगत सङ्ख्या नगरपालिकाको पुलमा रहने छ। त्यसरी पुलमा रहेको विद्यालय सङ्ख्यामा नबढाई नगरपालिकाभित्र नक्साङ्कनका आधारमा विद्यालय खोल्न आवश्यक देखिएमा र पूर्वाधार पूरा भएको खण्डमा नगर शिक्षा समितिले नियमानुसार विद्यालय सञ्चालनको लागि अनुमति दिन सक्नेछ ।

**१२) विद्यालय समायोजन पछि गर्नुपर्ने अन्य व्यवस्थापनः**

१) विद्यालय समायोजनपछि समायोजन भई जाने विद्यालयको कर्मचारीलाई आवश्यकता र क्षमताको आधारमा सो विद्यालय वा वडा भित्रको अर्को विद्यालय वा नजिकको वडाको कुनै विद्यालयको समान पदमा पदस्थापन गरिनेछ ।

२) विद्यालय समायोजनपछि समायोजन भई जाने विद्यालयको प्रारम्भिक बाल विकास कक्षामा कार्यरत बाल विकास शिक्षक वा सहजकर्तालाई प्रारम्भिक बाल विकास कक्षाको कोटा नभएको, रिक्त भएको वा विद्यार्थी चाप बढी भएको विद्यालयमा प्राथमकिताका आधारमा समायोजन तथा व्यवस्थापन गरिने छ ।

**१३) प्रधानाध्यापक भत्ताः**

१) विद्यालयका प्रधानाध्यापकलाई संघीय सरकारले प्रदान गर्ने नियमित प्रधानाध्यापक भत्ता बाहेक नगरपालिकाले थप प्रधानाध्यापक भत्ता वापतको रकम उपलब्ध गराउन सक्नेछ ।

**१४) सहायक र निमित्त प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

१) विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सहायक प्रधानाध्यापकको व्यवस्था गरिनेछ ।

२) उपदफा (१) बमोजिम प्रधानाध्यापक पद रिक्त भएमा विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये वरिष्ठतम् शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । तर कुनै विद्यालयमा एकभन्दा बढी तह भएमा माथिल्लो तहको वरिष्ठतम् शिक्षकले निमित्त भई काम गर्नेछ ।

३) विद्यालयहरुमा प्रधानाध्यापकको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले सहायक प्रधानाध्यापकको छनौट गर्न सक्नेछ । सहायक प्रधानाध्यापकको लागि सम्बन्धित विद्यालयले प्रोत्साहान सुविधा उपलब्ध गराउन सक्नेछ ।

परिच्छेद - ४

## प्रधानाध्यापक छनौट तथा व्यवस्थापन

**१५) प्रधानाध्यापक विद्यालयको प्रमुख हुनेः**

१) विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको रुपमा काम गर्न एक जना प्रधानाध्यापक रहनेछ ।

२) प्रधानाध्यापकले विद्यालयको समग्र प्रशासनिक र शैक्षिक उत्तदायित्व बहन गर्नु पर्नेछ ।

**१६) प्रधानाध्यापक छनौटका मापदण्डहरुः**

१) यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको मापदण्डहरुलाई आधार लिइनेछः

क) यो कार्यविधि लागू हुनुभन्दा अगाडि प्रचलित कानून बमोजिम विद्यालयमा प्रधानाध्यापक हुनका लागि न्यूनतम योग्यता पुगेको शिक्षक कार्यरत रहेको तर प्रधानाध्यापक पदमा कार्यरत नभएको विद्यालयको सन्दर्भमा वरिष्टतम् शिक्षकलाई प्रधानाध्यापक वा निमित्त प्रधानाध्यापक पदको जिम्मेवारी प्रदान गरी कामकाज गराउन सम्बन्धित विद्यालयहरुलाई दिइएको निर्देशन यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ख) खण्ड (क) बमोजिमको निर्देशनको कार्यान्वयन गर्ने गराउने सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

ग) खण्ड (ख) बमोजिमको निर्देशन कार्यान्वयन नभएमा त्यस्ता विद्यालयहरुमा समेत यस कार्यविधि बमोजिमको थप प्रक्रिया लागु गरी प्रधानाध्यापकको व्यवस्थापन गरिनेछ ।

घ) खण्ड (क) बमोजिमको निर्देशन कार्यान्वयन भएको खण्डमा समेत यस कार्यविधिले निर्धारण गरेको मापदण्डको आधारमा प्रधानाध्यापक व्यवस्थापन गरिनेछ ।

ङ) यो कार्यविधि प्रारम्भ हुँदा प्रचलित कानून बमोजिम न्यूनतम योग्यता र जेष्ठता एवम् नेतृत्व सीप भएको शिक्षक विद्यालयको प्रधानाध्यापक भई कामकाज गरिरहेको भए यो कार्यविधि बमोजिम व्यवस्थापन भएको मानिनेछ ।

च) सेवा अनुभव/जेष्ठता, योग्यता, नेतृत्व सीप र आवश्यकताका आधारमा कुनै एक विद्यालयमा कार्यरत शिक्षक वा प्रधानाध्यापकलाई नगरपालिकाले अर्को विद्यालयमा कामकाज गर्ने गरी प्रधानाध्यापक पदमा व्यवस्थापन गर्न सक्नेछ ।

छ) माध्यमिक तह सञ्चालन भएको विद्यालयमा माध्यमिक तहका बरिष्टतम् स्थायी शिक्षकहरुमध्येबाट प्रधानाध्यापक व्यवस्थापन गरिनेछ । यदि माध्यमिक तहको बरिष्टतम् स्थायी शिक्षकको व्यवस्थापन गर्न नसकिएमा निम्न माध्यमिक तहका बरिष्टतम् स्थायी शिक्षकहरुमध्ये शैक्षिक योग्यता पुगेका शिक्षकहरुबाट व्यवस्थापन गर्ने र निम्न माध्यमिक तहको स्थायी शिक्षक समेत नभएको खण्डमा

प्राथमिक तहको बरिष्टतम् स्थायी शिक्षकहरुमध्ये शैक्षिक योग्यता पुगेका शिक्षकहरुबाट प्रधानाध्यापक व्यवस्थापन गरिनेछ ।

छ) आधारभूत तह (कक्षा १-८) सञ्चालन भएको विद्यालयमा निम्न माध्यमिक तहका बरिष्टतम् स्थायी शिक्षकहरुमध्येबाट व्यवस्थापन गरिने छ । यदि निम्न माध्यमिक तहको बरिष्टतम स्थायी शिक्षकको व्यवस्थापन गर्न नसकिएमा प्राथमिक तहको बरिष्टतम् स्थायी शिक्षकहरुमध्ये शैक्षिक योग्यता पुगेका शिक्षकहरुबाट प्रधानाध्यापक व्यवस्थापन गरिनेछ ।

ज) कक्षा ३ र ५ सम्म सञ्चालन भएको विद्यालयमा प्राथमिक तहका बरिष्टतम् स्थायी शिक्षकहरुमध्येबाट प्रधानाध्यापक व्यवस्थापन गरिनेछ ।

झ) एकमुष्ठ अनुदान, धार्मिक, उद्यमशील, संस्था तथा समुदायलाई हस्तान्तरण गरेका विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिले न्यूनतम योग्यता पुगेको सरकारी अनुदानबाट तलब भत्ता खाइपाइ आएका शिक्षकहरुलाई प्रधानाध्यापकको रुपमा व्यवस्थापन गर्नुपर्ने छ ।

ञ) यो कार्यविधि लागू हुनुभन्दा अघि शिक्षा नियमावली २०५९ बमोजिम नियुक्ति भएका प्रधानाध्यापकको व्यवस्थापनलाई समेत यसै कार्यविधि बमोजिम पुनः व्यवस्थापन गरिनेछ ।

ट) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि पहिलो पटक प्रधानाध्यापक व्यवस्थापन गर्दा देहाय अनुसार गर्नुपर्नेछ ।

१) हाल विद्यालयमा कार्यरत प्रचलित कानुन बमोजिम नियुक्ति भई न्यूनतम प्रधानाध्यापक हुन योग्यता पुरा भएका प्रधानाध्यापकहरुलाई आवश्यक कागजात पेश गर्न कम्तिमा तीन दिनको सूचना प्रकाशन गर्ने ।

२) समितिको निर्णय अनुसार उपदफा (१) बमोजिम रित पुर्वक नियुक्ति भएका बाहेक अन्य विद्यालयको प्रधानाध्यापक पदमा नियुक्तिका लागि न्यूनतम शैक्षिक योग्यता पुगेका स्थायी शिक्षकहरु मध्येबाट कम्तिमा ७ दिनको दरखास्त आह्वान गर्ने ।

३) प्राप्त निवेदनहरु मध्ये बरिष्टतम् शिक्षकहरुलाई प्राथमिकताक्रम अनुसार प्रधानाध्यापक पदमा व्यवस्थापनका लागि शिक्षा समितिमा सिफारिस गर्ने ।

४) कुनै विद्यालयको प्रधानाध्यापक पदमा नियुक्तिका लागि निवेदन प्राप्त नभएमा वा कुनै विवाद भएमा समितिको सिफारिसमा शिक्षा समितिको निर्णय अन्तिम हुनेछ ।

ठ) कुनै विद्यालयमा प्रधानाध्यापक पद रिक्त भएमा वा बहालवाला प्रधानाध्यापकको अवधि समाप्त हुने अवस्था भएमा यस कार्यविधि अनुसार प्रधानाध्यापक व्यवस्थापन नहुञ्जेलसम्म विद्यालय व्यवस्थापन समितिले विद्यालयमा कार्यरत शिक्षकहरुमध्येबाट १ जनालाई निमित्त प्रधानाध्यापकको जिम्मेवारी दिनुपर्नेछ ।

ड) बुँदा नं. (ट) बमोजिम प्रधानाध्यापक पद रिक्त भएमा यस कार्यविधिबमोजिम प्रधानाध्यापक छनौट तथा व्यवस्थापन गर्न शिक्षा युवा तथा खेलकुद शाखाले आवश्यक प्रक्रिया पूरा गरी बढीमा दुई महिनाभित्र प्रधानाध्यापकको व्यवस्थापन गर्नेछ ।

**१७) प्रधानाध्यापकले कार्यसम्पादन करार गर्नुपर्नेः**

१) यस कार्यविधि बमोजिम छनौट तथा व्यवस्थापन गरिएका प्रधानाध्यापकहरुले विद्यालय र शिक्षा, युवा तथा खेलकुद शाखामा आवधिक विद्यालय विकास प्रस्तावना पेश गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विद्यालय विकास विकास प्रस्ताव अनुसूची -१ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

३) यस कार्यविधि बमोजिम छनौट तथा व्यवस्थापन गरिएका प्रधानाध्यापकले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखसंग नियुक्ति भएको मितिले १५ दिनभित्र कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

४) प्रधानाध्यापकको नियुक्ति अनुसूचि २ मा उल्लेख भए बमोजिम हुनेछ ।

५) करार सम्झौता गरी विद्यालयमा खटाइएका प्रधानाध्यापकको कार्यसम्पादन करार बमोजिम कार्य सम्पादन गरे, नगरेको मूल्यांकन गर्ने दायित्व शिक्षा, युवा तथा खेलकुद शाखा र सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

६) उपदफा (२) बमोजिम कार्य सम्पादन सम्झौता गरेका प्रधानाध्यापकहरुले अर्धबार्षिक रुपमा शिक्षा, युवा तथा खेलकुद शाखामा प्रगति प्रतिवेदन पेश गनुपर्नेछ ।

परिच्छेद - ५

**प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार**

**१८) प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

१) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

२) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरूबीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

३) विद्यालयमा अनुशासन, सच्चरित्रता र शिष्टता कायम गर्न आवश्यक कार्य गर्ने,

४) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण तथा सुपरिवेक्षण एवम् अनुगमन गर्ने,

५) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने गराउने,

६) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

७) विद्यालयमा विद्यार्थी भर्ना गर्ने,

८) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

९) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

१०) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

११) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

१२) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

१३) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन बार्षिक रुपमा शिक्षा युवा तथा खेलकुद शाखा तथा विद्यालय व्यवस्थापन समितिमा पेश गर्ने,

१४) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षा, युवा तथा खेलकुद शाखामा सिफारिस गर्ने,

१५) शिक्षक सेवा आयोग, नगरपालिका वा अन्य सम्बन्धित निकायबाट स्थायी वा करार नियुक्ति, सरुवा पदस्थापन भई आएका कर्मचारी, शिक्षक एवम् प्रधानाध्यापकलाई हाजिर गराई काममा खटाउने,

१६) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

१७) प्रधानाध्यापक नगरपालिका, विद्यालय व्यवस्थापन समिति, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनुपर्ने,

१८) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवान्छित क्रियाकलाप हुन नदिने,

१९) विद्यालयको प्रभावकारी सञ्चालनको लागि वार्षिक योजना बनाई विद्यालय व्यवस्थापन समितिबाट पारित गराई कार्यान्वयन गर्ने, गराउने,

२०) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध-वार्षिक तथा वार्षिक योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

२१) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई पठाउने व्यवस्था गर्ने,

२२) विद्यालयमा नेपाल सरकार/नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

२३) विद्यालय व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

२४) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

२५) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब बृद्धि रोक्का गर्ने,

२६) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

२७) स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवी प्रतिबेदन पारित गर्न शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने,

२८) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने,

२९) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्यांक मन्त्रालयद्वारा निर्धारित ढाँचा र समय भित्र निरीक्षकद्वारा प्रमाणित गराइ नगरपालिकामा पठाउने,

३०) विद्यालयका स्थायी शिक्षकको कार्यसम्पादन मूल्यांकंन निर्धारित समयमा गरी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा र आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी विद्यालय व्यवस्थापन समितिमा पेश गर्ने,

३१) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी नगरपालिका मार्फत राष्ट्रसेवक (शिक्षक) किताबखानामा पठाउने ।

३२) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा र सामाजिक सुरक्षा कोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,

३३) विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामन तथा सेवा खरिद गर्ने।

३४) दुल्लू नगरपालिका, नगर शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा र विद्यालय व्यवस्थापन समितिले दिएका निर्देशन पालना गर्ने, गराउने,

३५) नेपाल सरकार, प्रदेश सरकार र अन्तर्गतका निकायहरुबाट प्राप्त निर्देशन पालना गर्ने, गराउने ।

**१९) प्रधानाध्यापकको पदावधिः**

१) प्रधानाध्यापकको पदावधि चार वर्षको हुनेछ । निजलाई पुनः सो पदमा नियुक्ति दिन सकिनेछ ।

२) एउटै विद्यालयमा एकजना व्यक्ति लगातार दुई पटक भन्दा बढि प्रधानाध्यापक हुने पाउने छैन।

३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रधानाध्यापकले आफूले गरेको कार्यसम्पादन करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराव रहेको कुरा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति वा वडा शिक्षा समितिको लिखित सिफारिस वा सम्बन्धित शाखाले तोकेको अधिकृतले दिएको अनुगमन प्रतिवेदनबाट देखिन आएमा नगर शिक्षा समितिले थप जाँचबुझ गरी निजलाई प्रधानाध्यापकको पदबाट हटाउन सक्नेछ ।

४) उपदफा (२) बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

परिच्छेद - ६

**विभिन्न निकायहरूको भूमिका**

**२०) विद्यालय व्यवस्थापन समिति र विद्यालयको भूमिकाः**

१) विद्यार्थी संख्या कम भई विद्यालयमा शिक्षक व्यवस्थापन गर्न असजिलो भएको भनि आफ्नो विद्यालयको सेवाक्षेत्रभित्रका बालबालिकाहरुको पहुँच विद्यालयमा सहज हुने नगरी नजिकको विद्यालयमा समायोजन गर्ने तथा तह वा कक्षा घटाउने निर्णय गर्ने वा नगरपालिकालाई राय पेश गर्ने तथा विद्यालय समायोजन तथा दरबन्दी मिलान एवम् प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने।

२) दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन भई नगरपालिकाबाट विद्यालयमा कामकाज वा सरुवा एवम् पदस्थापना गरी पठाइएका शिक्षकहरुलाई हाजिरी गराई कामकाजमा लगाउने तथा अन्यत्र पठाइएका शिक्षकलाई रमाना दिई पठाउन सहजीकरण गर्ने ।

३) प्रचलित कानुन बमोजिम तोकिएका सम्पूर्ण कार्यहरु गर्ने गराउने ।

४) विद्यालयका कर्मचारीलाई योग्यता तथा विषयगत दक्षताका आधारमा पठनपाठनका कार्यमा लगाउन सकिनेछ ।

**२१) वडा शिक्षा समितिको भूमिकाः**

१) विद्यार्थी संख्याको अनुपातमा विद्यालयमा शिक्षक व्यवस्थापन गर्न र आफ्नो वडा क्षेत्रभित्रका बालबालिकाहरुलाई विद्यालय शिक्षामा समतामूलक पहुँच पुर्याउन नेतृत्वदायी भूमिका खेल्ने ।

२) यस कार्यविधि बमोजिम आफ्नो वडाभित्रका विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा शिक्षकको व्यवस्थापन गर्न वा तह वा कक्षा थप गर्न तथा घटाउन विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा रचनात्मक सहयोग गर्ने ।

३) दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन भई नगरपालिकाबाट विद्यालयमा कामकाज वा सरुवा एवम् पदस्थापना गरी पठाइएका शिक्षकहरुलाई हाजिरी गराई कामकाजमा लगाउने तथा अन्यत्र पठाइएका शिक्षकलाई रमाना दिई पठाउन सहजीकरण गर्ने।

४) समायोजन भएका विद्यालयहरुमा आवश्यक शैक्षिक, भौतिक तथा अन्य व्यवस्थापकीय कार्यमा सहयोग गर्ने।

५) विद्यालयको अनुगमन गर्ने तथा विद्यालय सञ्चालनका लागि प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिलाई आवश्यक सुझाव, सल्लाह एवम् मार्गदर्शन गर्ने।

६) विद्यालय व्यवस्थापन समितिको समायावधि समाप्त भई नयाँ विद्यालय व्यवस्थापक समिति गठन नहुन्जेलसम्मका लागि विद्यालयको व्यवस्थापकीय कार्यमा आवश्यक सहजिकरण गर्ने ।

**२२) नगरपालिकाको भूमिकाः**

१) विद्यालय समायोजन वा गाभ्ने तथा प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि नगरपालिकाभित्रका विद्यालयहरूको अवस्था अध्ययन गरी आवश्यक कार्य गर्ने।

२) विद्यालय नक्सांकनका आधारमा तोकिएका स्थानमा विद्यालय सञ्चालन गर्ने गराउने कार्यका लागि सम्वन्धित सरोकारवालाहरूको सहकार्यमा विद्यालय रहने स्थान निर्धारण गरी त्यस्तो स्थानको जग्गाको स्वामित्व विद्यालयका नाममा कायम गर्न आवश्यक निर्णय गर्ने।

३) विद्यालय व्यवस्थापन समिति र सम्बन्धित वडा शिक्षा समितिसँग आवश्यकतानुसार परामर्श एवम् छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र ऐनले दिएको अधिकार प्रयोग गरी तथा यस कार्यविधिमा भएको व्यवस्था, शर्त एवम् मापदण्डका आधारमा विद्यालय समायोजन र शिक्षक सरुवा, दरबन्दी मिलान एवम् व्यवस्थापन गर्ने।

४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र ऐनले दिएको अधिकार प्रयोग गरी तथा यस कार्यविधिमा भएको व्यवस्था र शर्त एवम् मापदण्डका आधारमा प्रधानाध्यापक व्यवस्थापन गर्ने ।

५) विद्यालयमा कार्यरत विद्यालय कर्मचारी, सामुदायिक अध्ययन केन्द्रका सहजकर्तालाई र वाल विकास केन्द्रका सहजकर्तालाई अन्तराष्ट्रिय श्रम संगठनले तोके बमोजिमको न्यूनतम पारीश्रमिक उपलब्ध गराउन सकिनेछ ।

परिच्छेद - ७

## विविध

**२३)** प्रधानाध्यापकको विदा र काज स्वीकृती सम्बन्धमाः प्रधानाध्यापकले कम्तिमा तीन दिन सम्म विदा लिनुपरेमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षको पुर्व स्वीकृति लिई बस्नुपर्ने छ । तीन दिनभन्दा बढी विदा लिई बस्नुपरेमा वा काजमा जानु परेको अवस्थामा विद्यालय व्यवस्थापन समितिको स्वीकृती लिई सोको जानकारी नगरपालिकाको शिक्षा शाखामा दिनुपर्नेछ ।

**२४)** प्रधानाध्यापक सम्बन्धित विद्यालय वा अन्य विद्यालयमा कार्यरत शिक्षक हुन सक्नेः सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक व्यवस्थापन गर्दा यस कार्यविधि बमोजिम मापदण्ड पूरा हुने गरी सम्बन्धित विद्यालयमा कार्यरत् वा नगरपालिकाको अन्य विद्यालयमा कार्यरत प्रधानाध्यापक वा शिक्षकलाई प्रधानाध्यापकको पदमा छनौट तथा व्यवस्थापन गरिनेछ ।

**२५) पदाधिकार दरबन्दी रहेको विद्यालयमा रहनेः**

१) कुनै शिक्षकलाई यस कार्यविधि बमोजिम पदाधिकार रहेको विद्यालयबाट अन्य विद्यालयमा प्रधानाध्यापक छनौट गरी पठाउनुपर्ने भए निज शिक्षकलाई बढीमा चार बर्षको लागि पदाधिकार साविककै विद्यालयमा रहने र खटाइको विद्यालयबाट तलब भत्ता भुक्तानी हुने गरी कामकाजमा खटाइनेछ ।

२) उपदफा (१) बमोजिम शिक्षक पठाउदा निज प्रधानाध्यापक भई जाने विद्यालयमा विषय र तह मिल्ने अन्य शिक्षक वा दरबन्दी भए स्थायी, राहत अनुदान, शिक्षण सिकाई अनुदानलाई पारस्परिक रुपमा कामकाज गर्नेगरी सरुवा गरिनेछ ।

३) उपदफा (२) बमोजिम विषय र तह मिल्ने शिक्षक उपलब्ध नभए नगर कार्यपालिकाले सो विषय र तहको लागि स्वयम् सेवक शिक्षक वा एकमुष्ठ शिक्षण सिकाइ अनुदानको व्यवस्थापन गर्नुपर्ने छ वा तल्लो तहको विषयगत योग्यता भएको शिक्षकलाई थप सुविधा उपलब्ध गराई पठाउन सकिनेछ ।

**२६) बिशेष अधिकारः** यस कार्यविधिमा अन्त जुनसुकै कुरा लेखिएको भएतापनि दफा २४ र २५ कार्यान्वयनको विशेष अधिकार एकपटकका लागि दफा ४ बमोजिमको समितिको सिफारिसमा नगर शिक्षा समितिले प्रयोग गरी कार्यान्वयन गर्न सकिनेछ ।

**२७) खारेज तथा संशोधनः**

१) नगरकार्यपालिकाले सरोकारवाला निकाय वा व्यक्तिहरूको परामर्शमा यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**२८) बाँझिएमा बदर हुनेः** यस कार्यविधिको व्यवस्था ऐन तथा नियमावलीसँग बाँझिएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र ऐन बमोजिम भएको हुनेछ ।

**२९) व्याख्याः** यस कार्यविधिमा भएका व्यवस्थाको व्याख्या नगरकार्यपालिकाबाट हुनेछ र नगरकार्यपालिकाबाट भएको व्याख्या नै अन्तिम हुनेछ ।

अनुसूची - १

(दफा १८ को उपदफा २ सँग सम्बन्धित)

**विद्यालय विकास प्रस्तावको ढाँचा**

शिक्षकको नामथरः

विद्यालयको नामः

**प्रथम खण्डः विद्यालयको अवस्था विश्लेषण**

१.१ पृष्ठभूमि

१.२ विद्यालयको सेवा क्षेत्रको विश्लेषण

१.२.१ विद्यालयको सेवाक्षेत्रः (सेवा क्षेत्रभित्र पर्ने गाउँ, शहर, टोल खुलाउने र पूर्व निर्धारित चार किल्लाको विवरण उल्लेख गर्ने)

१.२.२ सेवाक्षेत्रको आर्थिक, सामाजिक, भौतिक, प्राकृतिक अवस्थाः (सेवाक्षेत्रभित्रका नागरिकको पेशा, आर्थिक गतिविधि, गरिबीको अवस्था, विकासका पूर्वाधारको अवस्था, सामाजिक सचेतनाको स्तर, प्राकृतिक श्रोतसाधन आदि विषयको संक्षिप्त विश्लेषण गर्ने)

१.२.३ सेवाक्षेत्रको जनसांख्यिक तथा शैक्षिक अवस्था विश्लेषणः (सेवाक्षेत्रको जनसंख्याको विवरण र उक्त क्षेत्रको शैक्षिक सूचकहरुको अवस्था (जस्तैः साक्षरता, विद्यालयको पहुँच) नागरिकको शिक्षाप्रतिको चासो, जनसहभागिता आदि विषयको विश्लेषण गर्ने)

**१.३ विद्यालयको मौजुदा अवस्थाको विश्लेषण**

१.३.१ विद्यालयको भौतिक अवस्थाको विश्लेषण (विद्यालयको जग्गा, भवन, फर्निचर, शौचालय, प्रयोगशाला, कम्प्युटर, खानेपानी आदि भौतिक श्रोतसाधनको विवरण, तिनीहरुको पर्याप्तता र उपयोगको अवस्था सम्बन्धमा विश्लेषण गर्ने)

१.३.२ विद्यालयको शैक्षिक अवस्थाको विश्लेषणः (विद्यार्थीको विवरण (भर्नादर, टिकाउ दर, कक्षा चढ्ने दर, सिकाइ उपलब्धि स्तर आदि सूचकका आधारमा), शिक्षक विवरण (शिक्षकको नाम, ठेगाना, शैक्षिक योग्यता, तालिम, सेवा अवधि, अध्यापन गर्ने विषय आदि) को तथ्यांक प्रस्तुतीकरण गरी अवस्थाको संख्यात्मक र गुणात्मक विश्लेषण समेत गर्ने । विद्यार्थीको शैक्षिक उपलब्धिस्तरको बारेमा समेत थप विश्लेषण गर्ने । अध्यापन योजना, सिकाइ सामग्री प्रयोग, निरन्तर मूल्यांकनको अवस्था, परीक्षा व्यवस्थापन, पाठ्यक्रम एवम् पाठ्यपुस्तक प्रयोगको अवस्था आदि विषयमा पनि विश्लेषण गर्ने)

१.३.३ विद्यालयको आर्थिक अवस्थाको विश्लेषणः (विद्यालयको लेखा प्रणाली, आयश्रोत, श्रोत परिचालन, लेखापरीक्षण, आय व्ययको विवरण प्रस्तुत गरी त्यसको आवश्यक विश्लेषण समेत गर्ने)

१.३.४ विद्यालयको व्यवस्थापकीय अवस्थाको विश्लेषणः (विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, समुदायको सक्रियता एवम् सहयोग सम्बन्धमा विश्लेषण गर्ने)

१.३.४ अतिरिक्त क्रियाकलापको विश्लेषणः (खेलकुद, सदन विभाजन, साहित्यिक गतिविधि, संगीत, बाल क्लब गठन, सरसफाई अभियान, बगैचा व्यवस्थापन, अभिभावक जागरण आदि विषयमा विश्लेषण गर्ने)

**१.४ विद्यालयको रणनीतिक (सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौति) विश्लेषण**

१.४.१ विद्यालयको सवल पक्षहरु

१.४.२ विद्यालयको सुधार गर्नुपर्ने पक्षहरु

१.४.३ विद्यालयका अवसरहरु

१.४.४ विद्यालयका चुनौतिहरु

**द्वितीय खण्डः विद्यालय सुधार प्रस्ताव**

२.१ विद्यालयको दूरदृष्टि, लक्ष्य र उदेश्य

२.२ विद्यालयका विद्यमान समस्याहरुको विश्लेषण, समाधान र विद्यालयको सुधार

२.२.१ विद्यालयको विद्यमान समस्याहरुको विश्लेषण

२.२.२ समस्या समाधानका लागि गरिने प्रमुख सुधार कार्यहरु

२.२.३ सुधार कार्यहरुको प्राथमिकीकरण

२.२.४ विद्यालयको अवस्था सुधार गर्नको लागि अवलम्बन गरिने मुख्य रणनीतिहरु

२.२.५ विद्यालय सुधारका कार्यक्रमहरु

२.३ विद्यालय विकास योजना (रणनिति र कार्यनीति सहित) सुधारको ५ बर्षे कार्ययोजना

| क्र.स. | सुधारको क्षेत्र | सुधारका क्रियाकलापहरु | कार्य प्रक्रिया | जिम्मेवारी | उपलब्धी | सूचक | श्रोतव्यवस्था | समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

२.४ बार्षिक कार्यान्वयन

२.५ संस्थागत क्षमता विकास योजना

अनुसूची-२

(दफा ४ सँग सान्बन्धित)

**प्रधानाध्यापकको नियुक्ति**

मितिः

श्री ........................................

श्री ......................................... विद्यालय

दुल्लू नगरपालिका, दैलेख ।

**विषयः नियुक्ति ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको नगर कार्यपालिकाको मिति ................ को बैठकको निर्णय अनुसार तपाईलाई पदाधिकार साविककै विद्यालयमा रहने गरी यस नगरपालिकाको श्री .................................................................................. विद्यालयमा पाँच बर्षका लागि प्रधानाध्यापक पदमा करार नियुक्त गरिएको छ । प्रचलित कानून बमोजिम उक्त विद्यालयको प्रशासनिक र व्यवस्थापकीय जिम्मेवारी पूरा गर्नुहोला ।

प्रधानाध्यापक पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना ।

**बोधार्थ**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, दैलेखः जानकारीका लागि ।

श्री वडा शिक्षा समिति, वडा नं ..., दुल्लू नगरपालिकाः जानकारीका लागि ।

श्री विद्यालय व्यवस्थापन समिति श्री .............................................................. विद्यालय (कामकाजमा लगाउनुहुन) ।

आज्ञाले

पदम वहादुर बुढा(क्षेत्री)

प्रमुख प्रशासकीय अधिकृत

पदम बहादुर बुढा (क्षेत्री)

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः२०८३।०१।२२

दुल्लू नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुल्लू, दैलेख २०७३